# आकाशवाणी समाचार- नेपाली

मितिः १७ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ कि देशमा जनजातीय मानिसहरुको परम्पराहरु अनि जीवन शैलीले देशको संस्कृतिलाई समृद्ध बनाउद छ।
- **प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारतको सांस्कृतिक विविधता, देशको विभिन्न भागहरुमा बन्ने बस्त्रहरुमा झल्कन्द छ।**
- उत्तर रेलवेले महाकुंभ मेलाको अवधि अतिरिक्त भीड़लाई कम्ति गर्न नयाँ दिल्ली रेलवे स्टेशन बाट प्रयागराज जंक्शनसम्म चारवटा नयाँ महाकुंभ मेला विशेष रेलगाडीहरु शुरू गरेको छ।
- कतारका अमिर, महामहिम शेख तमिम बिन हमद अल थानी भोलिदेखि सुरु हुने दुई दिने राजकीय भ्रमणमा भारत आइपुग्नुहुने छ र यस क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुहुनेछ|
- फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले भोलि युक्रेन द्वन्द्वमा आपतकालीन शिखर सम्मेलनको लागि बेलायती प्रधानमन्त्री सहित युरोपेली नेताहरूसित बैठक गर्नुहुने छ|

## राष्ट्रपति आदि महोत्सव

राष्ट्रपति द्रौपदी मुर्मुले हिज नयाँ दिल्लीमा आदि महोत्सव 2025 को उद्घाटन गर्नुभयो। यस अवसरमा राष्ट्रपति मुर्मुले भन्नुभयो कि देशमा जनजातीय मानिसहरुको परम्पराहरु अनि जीवन शैलीले देशको संस्कृतिलाई समृद्ध बनाउद छ। उहाले भन्नुभयो – यस वर्षको बजटमा आदिवासी कल्याणको लागि आवंटन राशिमा तीन गुना बढोत्तरी गरिएको छ।जब आदिवासी समाजको उत्थान हुनेछ तब मात्र देश विकसित हुनेछ।आदि महोत्सवको उद्देश्य भारतको आदिवासी समुदायहरुको जीवंत संस्कृति, विरासत अनि आर्थिक क्षमताको उत्सव मनाउनु अनि त्येसलाई प्रदर्शित गर्नु हो। यस महोत्सवमा 600 भन्दा अधिक आदिवासी कारीगर, शिल्पकार अनि 500 कलाकारहरुले भाग लिरहेका छन्। महोत्सवमा विभिनन राज्यहरु अनि केन्द्रशासित प्रदेशहरुका 25 आदिवासी खाद्य स्टाल लगाईएको छ जसले उनीहरुको खाद्य परम्पराहरुलाई प्रदर्शित गर्दछ।

****** ० ******

## पीएम वस्त्र उद्योग - भारत टेक्स 2025

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि भारतको सांस्कृतिक विविधताले देशको विभिन्न भागहरुमा बन्ने वस्त्रहरुमा झाल्किंदछ। हिज नया दिल्लीको भारत मंडपममा **भारत टेक्स 2025 मा** उपस्थित मानिसहरु लाई संबोधित गर्नुहुदै श्री मोदीले भन्नुभयो कि फार्म, फाइबर, फैब्रिक, फैशन अनि फॉरेनको विजन एक मिशन बनेको छ अनि यो भारतको विकासको विभिन्न क्षेत्रहरुको विस्तार गरिरहेको छ। उहाले भन्नुभयो कि भारत आज छैठो सबैभन्दा ठुलो कपड़ा अनि परिधान निर्यातक देश हो। उहाले भन्नुभयो कि कपड़ा क्षेत्रमा भारतको निर्यात वर्तमानमा

तीन लाख करोड़ रुपियाँ रहेको छ अनि यसलाई 2030 सम्म नौ लाख करोड़ रुपियाँ सम्म पुर्याउने लक्ष्य रहेको छ प्रधानमंत्रीले प्रदर्शनी स्थलको पनि भ्रमण गर्नुभयो अनि प्रदर्शकहरुसित कुराकानी गर्नुभयो। भारत टेक्स 2025, एक प्रमुख वैश्विक कार्यक्रम हो , यसको आयोजन 14 देखि 17 फरवरी सम्म आयोजित गरिंदै छ।

****** ० ******

**भूकंप-दिल्ली**

नयाँ दिल्ली अनि उत्तर भारतको बिभिन्न भागहरुमा आज बिहान चार दशमलव शून्य तीव्रताको भुइचालो आएको खबर छ। राष्ट्रीय सीस्मोलॉजी केंद्र अनुसार, भुइँचालो बिहान 5 बजेर 36 मिनटमा आएको थियो अनि यसको केंद्र दिल्ली नजिक पांच किलोमीटरको गहिराइमा रहेको बताईएको छ। राष्ट्रीय सीस्मोलॉजी केंद्रले बताए अनुसार दिल्ली, नोएडा, इंदिरापुरम अनि एनसीआरको अन्य क्षेत्रहरुमा आएको भुइचालोको केंद्र 28.59 उत्तरी अक्षांश अनि 77.16 पूर्वी देशांतर मा थियो। अहिलेसम्म कुनै संपत्ति वा ज्यानमालको कुनै क्षित बारे केहि सूचना प्राप्त भएको छैन।

****** ० ******

**रेलवे उपायहरू**

नयाँ दिल्ली रेलवे स्टेशनमा कुनै पनि अप्रिय घटना हुन नदिन उत्तरी रेलवेले धेरै उपायहरू अपनाएको छ। एक विज्ञप्तिमा, रेलवेले भनेको छ कि प्रयागराज जाने सबै विशेष रेलहरू नयाँ दिल्ली रेलवे स्टेशनको प्लेटफर्म नम्बर १६ बाट सञ्चालन हुनेछन् र प्रवेश र निकास अजमेरी गेट तर्फबाट हुनेछ। एउटै प्लेटफर्ममा भीड जम्मा हुनबाट रोक्नको लागि यो गरिएको हो। अन्य सबै प्लेटफर्महरूबाट नियमित रेलहरू चलिरहनेछन्। यसबाहेक, नयाँ दिल्ली रेलवे स्टेशनमा रेलवे सुरक्षा बलको तैनाथी बढाइएको छ। सुरक्षाकर्मीहरूले यात्रुहरूलाई मार्गदर्शन गरिरहेका छन् र उनीहरूलाई प्लेटफर्ममा पुग्न मद्दत गरिरहेका छन्। आज, उत्तरी रेलवेले यात्रु र भक्तजनहरूको सुविधाको लागि दिल्लीबाट प्रयागराजसम्म चार महाकुम्भ मेला विशेष रेलहरू सञ्चालन गऱ्यो। भक्तजनहरूको सुविधाका लागि भोलि थप पाँच विशेष रेलहरू चलाइनेछ। भीडभाडको समयमा सोधपुछ र यात्रु सहयोगको लागि मानिसहरूले रेलवे हेल्पलाइन नम्बर १३९ प्रयोग गर्न सक्छन्।

****** ० ******

**महाकुंभ-स्वच्छ सुजल गांव**

प्रयागराजमा महाकुंभमा 40 हजार वर्ग फीटको क्षेत्रमा फैलिएको स्वच्छ सुजल गांउले विभिन्न सरकारी पहलहरु अंतर्गत उत्तर प्रदेशको ग्रामीण परिदृश्यमा आएको परिवर्तनलाई प्रदर्शित गरिरहेको छ। यहाँ आउने पर्यटहरुले यस गाउँमा राज्यको सफलताको झलक हेर्न पाईरहेका छन्। यसमा राज्य सरकारको ऐतिहासिक सुधारहरुले बदल्नदो गाउँहरुलाई देखाईएको छ।

****** ० ******

**कुंभ मेला- विशेष ट्रेन**

उत्तर रेलवेले यात्रिहरुको सुविधाको लागि अनि महाकुंभ मेलाको अवधि अतिरिक्त भीड़लाई कम्ति गर्न आज नयाँ दिल्ली रेलवे स्टेशन देखि प्रयागराज जंक्शनसम्म चारवटा नयाँ महाकुंभ मेला विशेष रेलगाडीहरु शुरू गरेको छ। उत्तर रेलवेका मुख्य जनसंपर्क अधिकारी हिमांशु शेखर उपाध्यायले बताउनु भए अनुसार चारवटा रेलगाडीहरु मद्धे एउटा आनंद विहार रेलवे स्टेशन देखि अनि अन्य रेलगाडीहरु नयाँ दिल्ली रेलवे स्टेशनबाट चलाईने छ। उहाले भन्नुभयो कि यी रेलगाडीहरुको प्रस्थान समय प्रतिदिन अपरान्ह 3 बजे देखि रात्रि 9 बजे बीच निर्धारित गरिएको छ। हाम्रा संवाददाताले बताए अनुसार ट्रेन संख्या- 0 4 4 2 0, अनि 0 4 4 2 2 तथा दोस्रो रेलगाडी 0 4 4 1 8 नयाँ दिल्ली रेलवे स्टेशनदेखि प्रयागराज जंक्शन सम्म संचालित गरिँदैछ , अनि ट्रेन संख्या 0 4 4 2 4

आनंद विहार रेलवे स्टेशन बाट छुट्ने छ।

****** ० ******

**आसाम-बजेट सत्र**

आसाम विधानसभाको बजेट सत्र भोलिदेखि कोक्राझारमा सुरु हुँदैछ। पहिलो पटक, विधानसभा सत्र गुवाहाटीको दिसपुर बाहिर आयोजना गरिनेछ। विधानसभा अध्यक्ष विश्वजित दैमारीले गुवाहाटीको बाहिर सदनको सत्र आयोजना गर्नु संसदीय लोकतन्त्रलाई जनताको नजिक लैजाने प्रयास भएको बताउनुभएको छ। मुख्यमन्त्री हिमंत विश्व शर्माले राज्यको राजधानी बाहिर विधानसभा सत्र आयोजना गर्ने ऐतिहासिक निर्णयलाई प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको समर्थन रहेको बताउनुभयो, जसले यस क्षेत्रमा शान्ति पुनर्स्थापित गरेका छन्। बजेट अधिवेशन राज्यपाल लक्ष्मणप्रसाद आचार्यको सम्बोधनबाट सुरु हुनेछ। सत्रको पहिलो दिन कोक्राझारमा आयोजना हुनेछ भने सत्रको बाँकी कार्यवाही दिसपुरको विधानसभा भवनमा हुनेछ। बजेट सत्र मार्च २५ सम्म जारी रहनेछ। अर्थमन्त्री अजन्ता नेओगले मार्च १० मा बजेट प्रस्तुत गर्नुहुनेछ|

****** ० ******

**ओडिशा बजट**

ओडिशाका मुख्यमंत्री मोहन चरण माझीले भोली विधानसभामा  वित्तीय वर्ष 2025-26 को बजट पेश गर्नेहुने छ। ओडिशा विधानसभाको बजट सत्र गत 13 फरवरीमा शुरू भएको थियो अनि यो 5 अप्रैल सम्म चल्ने छ। मुख्यमंत्री सित वित्त विभाग पनि रहेको छ। बजटमा 20 अनि 21 फरवरीको दिन विधानसभामा चर्चा हुनेछ। बजटको विनियोग विधेयक 29 मार्चमा सदनमा पेश गरिनेछ। राज्य सरकारले गत 24 जनवरीमा राज्यको राजधानीमा बजट पूर्व परामर्श बैठक आयोजित गरेको थियो। मुख्यमंत्रीले  विकास कार्यहरु अनि लोक कल्याणका लागि  गत बर्ष 26 नवंबरमा सदनमा  12 हजार 156 करोड़ रुपियाँको अनुपूरक बजट पेश गरेको थियो।

****** ० ******

**कतार अमिरको भ्रमण**

कतारका अमिर, महामहिम शेख तमिम बिन हमद अल थानी भोलिदेखि सुरु हुने दुई दिने राजकीय भ्रमणमा भारत आइपुग्नुहुने छ र यस क्रममा उहाँले  प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुहुनेछ| उहाँसँगै मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू र व्यापारिक प्रतिनिधिमण्डल सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहनेछ। कतारका अमिरको भ्रमणले बढ्दो बहुआयामिक साझेदारीलाई थप प्रोत्साहन दिने विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ। भारत र कतारबीच मित्रता, विश्वास र पारस्परिक सम्मानको गहिरो ऐतिहासिक सम्बन्ध छ। यो कतारका अमिरको भारतको दोस्रो राजकीय भ्रमण हुनेछ। यसअघि उहाँ मार्च २०१५ मा भारत आउनुभएको थियो|विदेश मन्त्रालयले हालैका वर्षहरूमा दुई देशबीचको सम्बन्ध व्यापार, लगानी, ऊर्जा, प्रविधि, संस्कृति र जनता-जनता सम्बन्धका क्षेत्रमा निरन्तर बलियो भएको बताएको छ।

****** ० ******

**फ्रान्स-युरोपेली संघ शिखर सम्मेलन-युक्रेन**

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले भोलि युक्रेन द्वन्द्वमा आपतकालीन शिखर सम्मेलनको लागि बेलायती प्रधानमन्त्री सहित युरोपेली नेताहरूलाई आतिथ्य प्रदान गर्नुहुनेछ| अमेरिकी अधिकारीहरूले द्वन्द्व अन्त्य गर्न हुने कुनै पनि वार्तामा युरोपको कुनै भूमिका नहुने सुझाव दिनुभएको छ| फ्रान्सेली राष्ट्रपतिले म्याक्रोंले "परामर्शात्मक संवाद" को लागि आह्वान गरेको र उनीहरूले युक्रेनप्रति अमेरिकी दृष्टिकोणमा आएको अशान्त परिवर्तन र यसले युरोपेली महादेशको सुरक्षामा निम्त्याउने जोखिमहरूलाई सम्बोधन गर्ने बताउनुभएको छ| जर्मन चान्सलर ओलाफ स्कोल्ज, पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्क, नेटोका महासचिव मार्क रुट, इटालीका प्रधानमन्त्री जर्जिया मेलोनी र युरोपेली संघका उर्सुला भोन डेर लेयन र एन्टोनियो कोस्टा शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता युक्रेनमा नेटो र युरोपेली सहयोगीहरूलाई

स्तब्ध पारेका थिए जब उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग परामर्श नगरी वार्तामा प्रवेश गरेको र शान्ति प्रक्रिया सुरु गर्ने घोषणा गर्नुभएको थियो। वासिङ्टनले युरोपेली देशहरूलाई किभको सुरक्षा ग्यारेन्टीमा के योगदान गर्न सकिन्छ भनेर सोध्ने प्रश्नावली पठाए पनि, ट्रम्पका युक्रेनका लागि राजदूत किथ केलॉगले हिजो युरोपलाई थप धक्का दिए जब उहाँले युक्रेन शान्ति वार्तामा युरोप समावेश नहुने बताउनुभयो।

****** ० ******